30 .12.2024

## मुख्य समाचार

- राष्ट्रपति द्रौपदी मुर्मु आज झारखण्डमा जनसंस्कृति समागम कार्तिक यात्रा समापन समारोहमा बन्नुभयो सहभागी
- रूसका राष्ट्रपति भ्लादिमिर पुतीनको निवासमा युक्रेन आक्रमणसम्बन्धी समाचारप्रति प्रधानमन्त्री नरेन्द्र मोदीले व्यक्त गर्नुभयो चिन्ता ..
- युवाहरूलाई सामाजिक हितका लागि आर्टिफिसियल इन्टेलिजेन्स अर्थात् यान्त्रिक मेधा सहित नयाँ प्रविधि जिम्मेवारीपूर्वक अपनाउन उपराष्ट्रपतिले आग्रह..
- आगामी वर्ष पश्चिम बङ्गालमा भारतीय जनता पार्टी दुई-तिहाइ बहुमतसहित सरकार बनाउन सफल हुने केन्द्रीय गृहमन्त्री अमित शाहको भनाई..
- बंगलादेशकी पूर्व प्रधानमन्त्री तथा बंगलादेश नेस्नलिस्ट पार्टी (बी.एन.पी.) की अध्यक्ष खालिदा जियाको निधन..

### झारखण्ड - राष्ट्रपति गुमला

राष्ट्रपति द्रौपदी मुर्मु आज झारखण्डको गुमला जिल्लामा आयोजित अन्तरराज्यीय जनसंस्कृति समागम समारोह अन्तर्गत कार्तिक यात्रा समापन समारोहमा सहभागी हुनुभयो।

राष्ट्रपतिले बाबा कार्तिक उराँवलाई स्मरण गर्दै आदिवासीहरूको उत्थानमा जोड दिनुभयो। उहाँले यस कार्तिक यात्रामा शिक्षाका निम्ति गरिएको प्रयास नै बाबा कार्तिक उराँवप्रति साँचो श्रद्धाञ्जली हुने बताउनुभयो। स्मरण रहोस्।

धर्मसभाको आयोजना पंखराज साहेब कार्तिक उराँव आदिवासी शक्ति–स्वायत्तशासी विश्वविद्यालय निर्मल समितिको तत्वावधानमा आयोजना भइरहेको छ।

### केरला उपराष्ट्रपति

उपराष्ट्रपति सी. पी. राधाकृष्णनले श्री नारायण गुरुका उपदेशहरूले भविष्यमासमेत जनताको मार्गदर्शन र प्रेरणा दिइरहने विश्वास व्यक्त गर्नुभयो। उहाँ आज केरलाको वार्कलामा आयोजित ९३औँ शिवगिरि यात्राको उद्घाटन समारोहमा बोल्दै हुनुहुन्थ्यो। उहाँले भन्नुभयो कि शिवगिरि आपसी सद्भाव र मेलमिलापको जीवित उदाहरण हो र शिवगिरि यात्रा आध्यात्मिक साधना तथा सामाजिक–आर्थिक प्रगतिको उत्कृष्ट सम्मिश्रण हो। श्री राधाकृष्णनले विशेष गरी युवापुस्तालाई श्री नारायण गुरुका उपदेशहरूबाट प्रेरणा लिन आह्वान गर्नुभयो।

यसैबीच तिरुवनन्तपुरम स्थित मार इभानियोस स्वायत्त महाविद्यालयको कौशतुभ जयन्ती समारोहको उद्घाटन गर्ने क्रममा उपराष्ट्रपतिले शिक्षाले विकसित भारत निर्माणमा निर्णायक भूमिका निर्वाह गर्ने बताउँदै युवाहरूलाई सामाजिक हितका लागि आर्टिफिसियल इन्टेलिजेन्स अर्थात् यान्त्रिक मेधा सहित नयाँ प्रविधि जिम्मेवारीपूर्वक अपनाउन आग्रह गर्नुभयो। वहाँले देशका युवा राष्ट्रको भविष्य भएको,रोजगारका अवसर सृजना गर्न स्वदेशी

प्रविधिको विकास अत्यावश्याक रहेको र वैश्विक मञ्चमा देशलाई शक्तिशाली राष्ट्रका रूपमा स्थापित गर्न सामाजिक सद्भावको महत्वपूर्ण भूमिका रहने पनि उल्लेख गर्नुभयो। उपराष्ट्रपति केरलाको दुई दिनको भ्रमण समापन गरी उपराष्ट्रपति आज दिउँसो तमिलनाडुतर्फ प्रस्थान गर्नुभएको हो। भ्रमणका क्रममा उपराष्ट्रपति रामेश्वरममा आयोजना हुने काशी–तामिल संगमको चौथो चरणको समापन समारोहमा प्रमुख अतिथिका रूपमा सहभागिता जनाउने कार्यक्रम रहेको छ ।

प्रधानमन्त्री – रूसी राष्ट्रपति

प्रधानमन्त्री नरेन्द्र मोदीले आज रूसका राष्ट्रपति भ्लादिमिर पुटिनको निवासमा युक्रेन आक्रमणसम्बन्धी समाचारप्रति गहिरो चिन्ता व्यक्त गर्नुभयो।

सामाजिक सञ्जालमा गरिएको एक पोस्टमा श्री मोदीले भन्नुभयो कि हाल भइरहेको कूटनीतिक प्रयास नै द्वन्द्व अन्त्य गरी स्थायी शान्ति स्थापना गर्ने सबैभन्दा प्रभावकारी मार्ग हो।

प्रधानमन्त्रीले सबै सम्बन्धित पक्षहरूलाई यी प्रयासहरूमा ध्यान केन्द्रित गर्न तथा स्थायी शान्ति स्थापना गर्ने विषयलाई कमजोर पार्ने कुनै पनि कार्यबाट टाढा रहन आग्रह गर्नुभयो। यसै सन्दर्भमा युक्रेनका परराष्ट्र मन्त्री आन्द्रेई सिबिहाले भने रसियाले राष्ट्रपति भ्लादिमिर पुटिनको निवासमा भएको भनिएको आक्रमण सम्बन्धी दावी अस्वीकार गरेको

छ।

प्रधानमन्त्री नरेन्द्र मोदीले आज 'रिफर्म एक्सप्रेस २०२५' सम्बन्धी एक लेख साझा गर्नुभयो। यस लेखमा शासनका ती संचयी कार्यहरूको उल्लेख गरिएको छ जसले क्रमशः बाधाहरू हटाएर प्रगति सुनिश्चित गरेको छ। केन्द्रीय मन्त्री हरदीप सिंह पुरीको एक पोस्ट साझा गर्दै श्री मोदीले भन्नुभयो श्रम कानुनहरू र व्यापार सम्झौताहरूबाट लॉजिस्टिक्स, ऊर्जा र बजार सुधारहरूसम्म, देशको विकासगाथा विश्वसनीयता, स्थिरता र दीर्घकालीन विश्वासमा आधारित छ।

यसैगरी प्रधानमन्त्रीले आज नीति आयोगमा आयोजित बैठकको अध्यक्षता गर्नुभयो। उहाँले केन्द्रीय बजेट २०२६-२७ को तयारीका लागि ख्यातिप्राप्त अर्थशास्त्रीहरू र क्षेत्रीय विशेषज्ञहरूसँग विचार-विमर्श गर्नुभयो। यस बैठकले विज्ञहरूलाई देशको वर्तमान आर्थिक अवस्था र भावी प्राथमिकताहरूबारे आफ्ना मत र सुझावहरू राख्ने अवसर प्रदान गर्‍यो। बैठकमा थप सुधार आवश्यक पर्ने क्षेत्रहरू, वृद्धिलाई सहयोग गर्ने उपायहरू, म्याक्रोआर्थिक स्थिरता मजबुत बनाउने र नयाँ चुनौतीहरूको सम्बोधन जस्ता विषयहरूमा छलफल भयो।

यसै संदर्भमा प्रधानमन्त्री नरेन्द्र मोदीले आज भारतले सुधारको रेलमा सवार भएर विश्वको ध्यानको केन्द्र बन्न सफल भएको बताउनुभयो। सामाजिक सञ्जालमार्फत साझा गर्नुभएको एक लेखमा उहाँले आजको दिनमा संसारले भारतलाई आशा र विश्वासका साथ हेर्दैछ भने देशमा कार्यान्वयन भइरहेका नयाँ पुस्ताका सुधारहरूले भारतको प्रगतिलाई तीव्र रूपमा अघि बढाएका छन्, जसको सम्पूर्ण विश्वले प्रशंसा गरिरहेको छ भन्नुभयो। प्रधानमन्त्रीले थप भन्नुभयो सुधार यात्राको मूल इन्जिन भारतको जनसांख्यिक शक्ति, युवा पुस्ता र देशवासीहरूको अदम्य आत्मा हो। सुधारहरूको व्यापकता उल्लेख गर्दै श्री मोदीले श्रम कानुनदेखि व्यापार सम्झौता, ढुवानी, ऊर्जा र बजार सुधारसम्म भारतको विकास कथा विश्वसनीयता, स्थिरता र दीर्घकालीन भरोसामा आधारित हुँदै अघि बढिरहेको पनि उल्लेख गर्नुभयो।

गृह मन्त्री अमित शाह–कोलकाता

केन्द्रीय गृहमन्त्री अमित शाहले आगामी वर्ष पश्चिम बङ्गालमा भारतीय जनता पार्टी दुई-तिहाइ बहुमतसहित सरकार बनाउन सफल हुने विश्वास व्यक्त गर्नुभयो। कोलकातामा आज आयोजित कार्यक्रममा श्री शाहले भन्नुभयो कि सन् २०१९ का लोकसभा निर्वाचनमा भाजपा ले ४१ प्रतिशत मत र १८ सिट प्राप्त गरेको थियो। उहाँले थप भन्नुभयो कि सन् २०२१ का विधानसभाको निर्वाचनमा पार्टीले ३८ प्रतिशत मत र ७७ सिट जितेको थियो। गृहमन्त्रीका अनुसार सन् २०१६ को निर्वाचनमा जम्मा ३ सिट जित्ने पार्टीले पाँच वर्षमै ७७ सिट हासिल गर्न सफल भएको हो।श्री शाहले भन्नुभयो कि आगामी निर्वाचन पश्चिम बङ्गालमा हुने अवैध घुसपैठ रोक्ने र घुसपैठिहरूलाई निष्कासित गर्ने विषयमा केन्द्रित हुनेछ।

परीक्षा पे चर्चा

'परीक्षा पे चर्चा' को नवौं संस्करणका लागि हालसम्म २ करोड ६२ लाखभन्दा बढी विद्यार्थी, शिक्षक र अभिभावकहरूले दर्ता गरिसकेका छन्।

यो कार्यक्रम आगामी वर्ष जनवरी महिनामा आयोजना गरिनेछ।

'परीक्षा पे चर्चा' कार्यक्रममा देश–विदेशका विद्यार्थी, अभिभावक र शिक्षकहरूले प्रधानमन्त्रीसँग परीक्षा सम्बन्धी तनावबारे संवाद गर्नेछन् । कक्षा ६ देखि १२ सम्मका विद्यार्थी, शिक्षक र अभिभावकहरूले यस प्रतियोगितामा सहभागी हुन सक्नेछन् । यसको दर्ताका निम्ति MyGov प्लेटफर्ममार्फत आगामी जनवरी ११ तारिखसम्म गर्न सकिने छ ।

## सरकार–समुद्री सम्झौता

भारतको केन्द्रीय सरकारले भारत–क्यानडा सहकारी औद्योगिक अनुसन्धान तथा विकास कार्यक्रमअन्तर्गत गोवास्थित एक निजी समुद्री कम्पनीसँग सम्झौतामा हस्ताक्षर गरेको छ।विज्ञान तथा प्रविधि मन्त्रालयले जानकारी दिएको अनुसार, यस परियोजनाको उद्देश्य बीस यात्रु वहन गर्नसक्ने विद्युत नौकाहरू (Electric Boats) विकास गर्नु हो। यस पहलमार्फत वातावरणमैत्री जलमार्गको सुदृढीकरण हुनेछ, जीवाश्म इन्धनमा निर्भरता घट्नेछ र दिगो पर्यटन विकासलाई थप प्रोत्साहन मिल्नेछ ।

## दूरसञ्चार विभाग

दूरसञ्चार विभागले राष्ट्रिय आवृत्ति आवण्टन योजना २०२५ जारी गरेको छ। यो देशमा रेडियो आवृत्ति स्पेक्ट्रमको व्यवस्थापन र आवण्टनलाई नियमन गर्ने एक महत्वपूर्ण नीतिगत दस्तावेज हो। सञ्चार मन्त्रालयले जनाएअनुसार यो योजना आजदेखि नै प्रभावकारी भएको छ।मन्त्रालयका अनुसार यो योजना ८ दशमलव ३ किलोहर्ट्जदेखि ३,००० गीगाहर्ट्जसम्मको आवृत्ति दायरा समेटेर विभिन्न रेडियो सञ्चार सेवाहरूलाई रेडियो आवृत्ति स्पेक्ट्रमको आवण्टन प्रदान गर्नेछ। यो स्पेक्ट्रम व्यवस्थापकहरू, वायरलेस सञ्चालकहरू र दूरसञ्चार उपकरण उत्पादकहरूका लागि एक आवश्यक सन्दर्भको रूपमा कार्य गर्नेछ। मन्त्रालयले यी सुधारहरूबाट देशको स्पेक्ट्रम व्यवस्थापन उत्तरदायी, उच्च क्षमतायुक्त र वैश्विक मापदण्डअनुरूप रहने सुनिश्चितता हुने बताएको छ ।

## बंगलादेश–खालिदा जिया

बंगलादेशले पूर्व प्रधानमन्त्री तथा बंगलादेश नेस्नलिस्ट पार्टी (बी.एन.पी.) की अध्यक्ष खालिदा जियाको निधनमा तीन दिनको राष्ट्रिय शोक घोषणा गरेको छ । उहाँको नमाज–ए–जनाजा भोलि सम्पन्न हुनेछ, र त्यसका भोलिपल्ट एक दिनको सार्वजनिक बिदा दिइनेछ । यो घोषणा बंगलादेशका अन्तरिम सरकारका प्रमुख सल्लाहकार प्राध्यापक मोहम्मद युनुसले गर्नुभएको हो ।

## अमेरिकी राजदूत –

चीनस्थित अमेरिकी राजदूत डेभिड पर्ड्युले स्वतन्त्र र खुला हिन्द प्रशान्त क्षेत्रका लागि 'क्वाड' समूहको भूमिकाप्रति पुनः समर्थन व्यक्त गर्नुभएको छ । आज बेइजिङमा आयोजित क्वाड सदस्य राष्ट्रका राजदूतहरूको बैठकमा उहाँले ताइवान आसपास दक्षिण चीन सागरमा जारी व्यापक चिनियाँ सैन्य अभ्यासहरूबीच अमेरिका, अस्ट्रेलिया, भारत र जापानबीचको साझेदारीले देखाएको दृढ एकताको उल्लेख गर्नुभयो । बैठकपछि राजदूत पर्ड्युले 'क्वाड' समूहलाई एक सकारात्मक शक्तिका रूपमा वर्णन गर्दै क्षेत्रीय स्थिरता र सुरक्षाको प्रवर्द्धनका लागि चारै देशको निरन्तर प्रतिबद्धता दोहोर्याउनु भयो । यसैबीच ताइवानले दक्षिण चीन सागर क्षेत्रमा चीनका गतिविधिहरूको कठोर निन्दा गर्दै ती कार्यहरूले क्षेत्रीय शान्ति भङ्ग गर्ने र अनावश्यक तनाव उत्पन्न गर्ने चेतावनी दिएको छ ।

## साउदी अरब – हवाई आक्रमण (Additional)

साउदी अरबले आज बिहानै यमनको बन्दरगाह सहर मुकल्लामाथि बमबारी गरेको छ। साउदी अरबको सरकारी समाचार एजेन्सीले सेनाको हवाला दिँदै जनाएको अनुसार, संयुक्त अरब इमिराट्सको फुजैराह बन्दरगाह सहरबाट जहाजहरू यमन पुगेपछि हवाई आक्रमण गरिएको हो।सेनाले जनाएको छ कि ती जहाजहरूबाट अवतरण गरिएका हतियारहरूले क्षेत्रीय सुरक्षा र स्थिरतामा खतरा उत्पन्न गरेको थियो। यस आक्रमणपछि साउदी अरब र यमनबीचको तनाव झनै बढेको बताइएको छ।यसैबीच, यमनका हौथी विरोधी बलहरूले हवाई आक्रमणपश्चात् देशभर आपतकालीन स्थिति घोषणा गरेका छन्।

महिला क्रिकेट –

भारत बनाम श्रीलंकामहिला क्रिकेटमा भारतले आज श्रीलंकाविरुद्ध पाँचौँ र अन्तिम टी–२० अन्तर्राष्ट्रिय खेल  खेलिरहेको छ। खेल केरलाको तिरुवनन्तपुरमस्थित ग्रिनफिल्ड अन्तर्राष्ट्रिय रंगशालामा साँझ ७ बजे बाट आरम्भ भएको छ। हरमनप्रीत कौरको नेतृत्वमा रहेको ‘वुमेन इन ब्लू’ टोलीले श्रृङ्खलामा क्लिन स्वीप गर्ने लक्ष्य राखेको छ, किनभने भारतले पाँच खेलको श्रृङ्खलामा ४–० को अपराजेय अग्रता सहित पहिले नै आफ्नो पक्षमा पारिसकेको छ।

प्रधानमन्त्री युवा लेखक संरक्षण योजना

पीएम-युवा ३.० अन्तर्गत सञ्चालित प्रतियोगिताको परिणाम शिक्षा मन्त्रालयले घोषणा गरेको छ। यस संस्करणमा २२ वटा भारतीय भाषा र अङ्ग्रेजीमा प्रस्तुत ४३ वटा पुस्तक प्रस्तावहरू छनोट गरिएका छन्। मन्त्रालयले जनाएअनुसार छनोट भएका यी प्रस्तावहरूलाई ख्यातिप्राप्त विद्वानहरूको छ महिनाको संरक्षणमा पूर्ण पुस्तकका रूपमा विकास गरिनेछ। प्रत्येक छनोट लेखकले मासिक ५०,००० रुपैयाँको छात्रवृत्ति र आफ्नो प्रकाशित पुस्तकबाट जीवनभर १० प्रतिशत दत्तक शुल्क प्राप्त गर्नेछन्। पीएम-युवा ३.० को पहिलो सेटका पुस्तकहरू आगामी वर्ष प्रकाशित हुनेछन्, जसले देशको साहित्य र विचारलाई भारत तथा विश्वव्यापी रूपमा प्रतिनिधित्व गर्ने नयाँ पुस्ताका लेखकहरूको पोषण गर्ने लक्ष्य  राखेको छ।

मुख्य समाचार फेरि एकपटक

- राष्ट्रपति द्रौपदी मुर्मु आज झारखण्डमा जनसंस्कृति समागम कार्तिक यात्रा समापन समारोहमा बन्नुभयो  सहभागी
- रूसका राष्ट्रपति भ्लादिमिर पुतीनको निवासमा युक्रेन आक्रमणसम्बन्धी समाचारप्रति प्रधानमन्त्री नरेन्द्र मोदीले व्यक्त गर्नुभयो चिन्ता ..
- युवाहरूलाई सामाजिक हितका लागि आर्टिफिसियल इन्टेलिजेन्स अर्थात् यान्त्रिक मेधा सहित नयाँ प्रविधि जिम्मेवारीपूर्वक अपनाउन उपराष्ट्रपतिले आग्रह..
- आगामी वर्ष पश्चिम बङ्गालमा भारतीय जनता पार्टी दुई-तिहाइ बहुमतसहित सरकार बनाउन सफल हुने केन्द्रीय गृहमन्त्री अमित शाहको भनाई..
- बंगलादेशकी  पूर्व प्रधानमन्त्री तथा बंगलादेश नेस्नलिस्ट पार्टी (बी.एन.पी.) की अध्यक्ष खालिदा जियाको निधन..

  आकाशवाणीबाट समाचार पूरा भयो।

  CLOSING……..